## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२१/२०७९/०८०

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय, पथरीको चलानी नम्वर १०८, मिति २०७९।१०।११ गतेको पत्रबाट पथरीशनिश्चरे नगरपालिकाको सहयोगमा उक्त कार्यालयको कार्यालय प्रमुखको भवन निर्माणको कार्य भैरहेकोमा सो भवन निर्माण गर्नका लागि नपूग रकम सहयोगस्वरुप उपलव्ध गराई दिनु हुन भनी अनुरोध भै आएको विषय यस बैठकमा जानकारी भयो। सो सम्वन्धमा चालु आर्थिक वर्ष २०७९/०८० को पूर्वाधार विकास तर्फ ~~विनियोजित~~ सुरक्षा निकायको भौतिक पूर्वाधार निर्माण शीर्षकवाट खर्च लेख्ने गरी उक्त कार्यालय भवन निर्माणमा रु.४ लाख बराबरको पुँजीगत सहयोग उपलव्ध गराउने र यसका लागि पथरीशनिश्चरे नगरपालिकाद्वारा निर्माण भएको उपभोक्ता समिति मार्फत् नै भवन निर्माण कार्यको फरफारक समेत गर्ने गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची ५ मा व्यवस्था भएको व्यापार व्यवसाय कर अपेक्षितरुपमा संकलन नभएको विषयमा यस बैठकमा छलफल भयो। ऐनको अनुसूची ५ ले व्यवस्था गरेको व्यापार व्यवसाय कर र अनुसूची ३ मा व्यवस्था भएको घर/जग्गा वहाल करमा आम करदाताहरुलाई करको दायरामा ल्याउनका लागि स्थलगत टोली खटाउन उपयुक्त देखिएको र उक्त टोलीलाई देहायमा उल्लिखित प्रश्नावली सहितको ढाँचामा विवरण संकलन गर्न खटाउने र उक्त ऐनको दफा १५ (राजस्वको दायरा अभिवृद्धि गर्न एवम् कर संकलन कार्यमा परिचालन हुने व्यक्ति वा निकाय वा कर्मचारी वा जनप्रतिनिधिलाई कार्यपालिकाले निर्णय गरी उपयुक्त प्रोत्साहन दिन सक्नेछ) ले दिएको अधिकार प्रयोग गरी टोली मार्फत् संकलन हुने राजस्व रकमको पन्ध्र प्रतिशत रकम प्रोत्साहनस्वरुप टोलीलाई उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहाय</u>

कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची ५ मा व्यवस्था भएको व्यवसाय कर संकलन तथा अभिलेखीकरण गर्न स्थलगतरुपमा खटिएका राजस्व संकलन टोली समक्ष करदाता स्वयंले भर्ने विवरण फारम

| | |
|---|---|
| व्यवसाय गर्ने व्यक्तिको नाम, थरः | ठेगानाः |
| व्यवसाय गर्ने व्यक्तिको नेपाली नागरिकता नम्वरः | व्यवसायको प्रकृतिः |
| व्यवसायको नामः | व्यवसाय गर्ने व्यक्तिको सम्पर्क नम्वरः |
| व्यवसायमा गरिएको अनुमानित पुँजी लगानी रकमः | गाउँपालिकालाई व्यवसाय कर तिर्ने गरे/नगरेकोः ............................ |
| <u>व्यवसायमा गरिएको कुल पुँजी लगानीको रकममध्ये</u>- (कुनै एकमा चिनो लगाई सोही बमोजिम विवरण भर्ने)<br>(क) सबै पुँजी आफैं व्यवस्थापन गरिएको छ।<br>(ख) सबै पुँजी ऋण मार्फत् व्यवस्थापन गरिएको छ। | |



राजमती इङ्नाम
अध्यक्ष

२०८१

| | |
|---|---|
| (ग) ... प्रतिशत पुँजी आफ्नो तथा बाँकी पुँजी ............................................संस्था/व्यक्तिबाट लिइएको छ। (संस्थाबाट लिएको भए नाम लेख्ने) | |
| | व्यवसाय स्थापना मितिः (सालमात्र उल्लेख गर्ने) |
| गाउँपालिका बाहेक अन्यत्र निकायबाट व्यवसाय सञ्चालन गर्ने इजाजत लिए/नलिएको:<br>(क) लिएको। (ख) नलिएको। | गाउँपालिका बाहेक अन्यत्र निकायबाट व्यवसाय सञ्चालन गर्ने इजाजत लिएको भए इजाजत दिने निकायको नामः<br>इजाजत लिएको मितिः |
| आफूले सञ्चालन गरेको व्यवसायबाट- (कुनै एकमा चिनो लगाई विवरण लेख्ने)<br>(क) अन्य व्यक्तिलाई रोजगारी दिएकै छैन।<br>(ख) अन्य व्यक्तिलाई रोजगारी दिएको छ। (छ भने संख्या लेख्ने ............) | आफ्नो व्यवसायिक कारोबारको वार्षिक लेखापरीक्षण-<br>(कुनै एकमा चिनो लगाई विवरण लेख्ने)<br>(क) गर्ने गरेको छ।<br>(ख) गर्ने गरेको छैन। |
| आफूले सञ्चालन गरेको व्यवसायसँग सम्बन्धित संघ/संस्थासँग आवद्ध-<br>(क) छु। (ख) छैन। | गाउँपालिकास्तरमा आफ्नो व्यवसायसँग सम्बन्धित संघ/संस्थाको स्थापना-<br>(क) होस्। (ख) नहोस्। |
| उपभोक्ता अधिकारसँग सम्बन्धित प्रचलित कानूनको बारेमा-<br>(क) पूर्ण जानकारी छ। (ख) अलिअलि मात्र जानकारी छ। (ग) छैन। | मलाई व्यवसायिक आचरणका बारेमा-<br>(क) पूर्ण जानकारी छ। (ख) अलिअलि मात्र जानकारी छ। (ग) छैन। |
| व्यवसायको स्थायी लेखा नम्बर (PAN) नम्बरः (भए उल्लेख गर्ने) | सञ्चालन भएको व्यवसायः (कुनै एकमा चिन्ह लगाउने)<br>(क) आफ्नै घरमा सञ्चालित छ। (ख) भाडामा लिई सञ्चालित छ। |
| भाडामा सञ्चालन भएको व्यवसाय भए-<br>(क) घरधनीको नामः<br>(ख) भाडा वापत् मासिकरुपमा तिर्नुपर्ने रकमः<br>घरधनीसँग घरभाडाको सम्झौता-<br>(क) भएको छ। (ख) भएको छैन। | सञ्चालन गरिएको व्यवसायबाट दिनहुँ- (कुनै एकमा चिन्ह लगाउने)<br>(क) एक केजीभन्दा कम फोहोर उत्पादन हुन सक्छ।<br>(ख) एक केजीभन्दा माथि पाँच केजीसम्म फोहोर उत्पादन हुन सक्छ।<br>(ग) पाँच केजीभन्दा बढी फोहोर उत्पादन हुन सक्छ। |
| व्यवसायबाट उत्पादन हुने फोहोरको अधिकांश हिस्सा-<br>(क) कुहिने फोहोर हुन्छ। (ख) नकुहिने फोहोर हुन्छ। | व्यवसायबाट उत्पादन हुने फोहोरमैला मध्ये-<br>(कुनै एकमा चिन्ह लगाउने)<br>(क) कुहिने र नकुहिने फोहोर एकै स्थानमा व्यवस्थापन गर्ने गरिएको छ।<br>(ख) कुहिने र नकुहिने फोहोर अलग/अलग व्यवस्थापन गर्ने गरिएको छ। |





राजमती घुङ्गाना
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td colspan="2">गाउँपालिकाले मेरो व्यवसायबाट उत्पादन हुने फोहोर-<br>(क) दैनिक व्यवस्थापन गरे हुने थियो। (ख) दुई दिनमा एकपटक व्यवस्थापन गरे हुने थियो। (ग) हप्ताको एकपटक व्यवस्थापन गरे हुने थियो।</td></tr>
<tr><td>मेरो व्यवसायबाट उत्पादन हुने कुहिने र नकुहिने फोहोर अलग/अलगरुपमा छुट्याई फोहोरको उचित व्यवस्थापन गर्न मलाई तालिमको आवश्यकता-<br>(क) छ।<br>(ख) छैन।</td><td>मैले सञ्चालन गरेको व्यवसायबाट-<br>(क) मेरो पुरै परिवारको गुजारा चलेको छ।<br>(ख) परिवारको गुजारा आधाजति मात्र चलेको छ।</td></tr>
<tr><td>मेरो व्यवसाय-<br>(क) म एक्लैको लगानीमा सञ्चालित छ।<br>(ख) म सहित अन्य व्यक्ति समेतको लगानीमा सञ्चालित छ।<br>(अन्य व्यक्ति समेतको लगानी भए संख्या उल्लेख गरी दिने)<br>...........संख्या</td><td>मैले सञ्चालन गरेको व्यवसायमा बाल श्रम प्रयोग गरेको-<br>(क) छ।<br>(ख) छैन।</td></tr>
<tr><td colspan="2">गाउँपालिका प्रति कुनै धारणा वा सुझाव भए आफ्नै शब्दमा त्यस्ता धारणा वा सुझावहरु बुँदागतरुपमा उल्लेख गरी दिनुहोस्।<br>१.<br>२.<br>३.<br>४.</td></tr>
</table>

..........................................

व्यवसाय गर्ने व्यक्तिको सहीः

विवरण संकलन टोलीमा संलग्न व्यक्तिहरुको नामः

१.

२.

३.

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यही मिति २०७९ साल फागुन २७ गते शनिबारका दिन कानेपोखरी गाउँपालिका स्थापना दिवस परेकोमा उक्त दिन देहाय बमोजिम हुनेगरी खुला हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम आयोजना गर्ने र उक्त हाजिरी जवाफ प्रतियोगितामा सहभागी हुने टिमहरुमध्येबाट विजयी हुने टिमलाई पहिलो प्राथमिकतामा राखी यसै बैठकको निर्णय नम्बर (२) बमोजिम व्यापार व्यवसाय कर र घर/जग्गा वहाल कर लगायतका विवरण संकलन गर्न परिचालन समेत गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो। र, उक्त कार्यक्रममा लाग्ने खर्च चालु आर्थिक वर्ष २०७९।०८० मा शिक्षा तर्फ विनियोजित बजेटको सि.नं. ३८ (स्थानीय सरकारको



राजमती झुङ्गाना
अध्यक्ष

भूमिका र महत्वसँग सम्बन्धित विषयवस्तुमा आधारित रही ..... हाजिरीजवाफ प्रतियोगिता (कार्यक्रम) बाँट खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत पारित गरियो।

<u>देहायः</u>

## एस.इ.इ./एस.एल.सी. परीक्षा उत्तीर्ण गरी उच्च शिक्षा अध्ययनरत कानेपोखरीवासी विद्यार्थीहरु मात्र सहभागी हुने खुला हाजिरीजवाफ प्रतियोगिता, २०७९

क. <u>पृष्ठभूमिः</u>

मिति २०७३ साल फागुन २७ गतेका दिन नेपाल सरकार (म.प.) को निर्णयानुसार कानेपोखरी गाउँपालिकाको स्थापना भएको हो। साविक केरौन, बयरवन र होक्लावारी गाउँ विकास समितिलाई एकापसमा समायोजन गरी कानेपोखरी गाउँपालिकाको स्थापना भएको हो। यो गाउँपालिकाको स्थापना भए पश्चात् वि.सं. २०७४ देखि वि.सं. २०७९ सम्म जनप्रतिनिधिहरुको पहिलो कार्यकाल व्यतित भई सकेको छ भने दोस्रो कार्यकाल (वि.सं. २०७९-२०८४) प्रारम्भ भएको समेत १० महिना व्यतित भई सकेको छ। नेपालको संविधान बमोजिम गठित कानेपोखरी गाउँपालिकालाई संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकार सूचीभित्र उल्लिखित अधिकारहरुलाई व्यवहारिकरुपमा कार्यान्वयनमा लगी आम कानेपोखरीवासीहरुलाई सर्वाङ्गीण विकासको अनुभूति दिलाउन वित्तीय स्रोत/साधनको आवश्यकता पर्दछ। सीमित स्रोतसाधन भएको गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र पर्ने राजस्व संकलन तथा दायरा विस्तारमा सहयोग पुर्याउनु आम स्थानीयवासीको समेत कर्तव्य हुन आउँछ। पर्याप्त आम्दानीको व्यवस्थापन गर्न सकिए मात्र विकाससँग सम्बन्धित इच्छा र आकांक्षाहरुलाई क्रमशः सम्वोधनमा लैजान सकिन्छ। यीनै विषयवस्तुलाई मध्यनजर गर्दै कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनबाट पारित नीति तथा कार्यक्रममा **"मैले तिर्ने कर, गाउँपालिकाको भर"** अभियान सञ्चालनमा ल्याउने भनी व्यवस्था गरेको छ। संवैधानिक व्यवस्था अन्तर्गत स्थापित गाउँपालिकालाई संस्थागत गर्ने अभियानमा आम विद्यार्थीहरुलाई पनि समाहित गर्नु अपरिहार्य छ। यसका लागि आम विद्यार्थीहरु वर्तमान संवैधानिक व्यवस्थाप्रति अभ्यस्त हुनु नितान्त जरुरी छ। **"मैले तिर्ने कर, गाउँपालिकाको भर"** अभियान समेतलाई कार्यान्वयनमा लैजान उच्च शिक्षा अध्ययनका लागि भर्ना भएका कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका विद्यार्थीहरुलाई स्थानीय तहसँग सम्वन्धित संवैधानिक एवम् कानूनी व्यवस्था गाउँपालिकाको राजस्वको क्षेत्र र दायरा, नीति तथा कार्यक्रम लगायतका आधारभूत विषयमा स्वः अध्ययन मार्फत् ज्ञान हाँसिल होस् र निजहरुले हाँसिल गरेको ज्ञानलाई प्रोत्साहन गर्दै गाउँपालिकाको स्रोत व्यवस्थापनमा परिचालन गर्न सकियोस् भन्ने अभिप्रायले यही मिति २०७९ साल फागुन २७ गतेका दिन कानेपोखरी गाउँपालिका स्थापना दिवसका दिन खुला हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्न लागिएको हो।



राजमती इड्‌ङनाम
अध्यक्ष

**ख. खुला हाजिरीजवाफ प्रतियोगितामा सहभागिता जनाउन पाउने सम्वन्धी व्यवस्थाः**

- प्रत्येक वडाबाट अधिकतम ४ वटासम्म टिम सहभागी हुन पाउनेछन्।
- सहभागी हुने टिममा कम्तीमा १ जना छात्रा सहित ३ जनाको मात्र टिम हुनु पर्नेछ।
- वडागतरुपमा टिमबाट सहभागिता जनाउन चाहने गाउँपालिकाबासी विद्यार्थीहरु जुनसुकै शिक्षण संस्थामा कक्षा ११ वा सोभन्दा माथिल्लो तहमा अध्ययन गरी रहेको हुनु पर्नेछ। अध्ययनरत शिक्षण संस्थाले जारी गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी अनिवार्य संलग्न गर्नु पर्नेछ।
- कुनै वडाबाट ४ वटा टिम सहभागी हुन नसकेमा अन्य वडाबाट ४ वटाभन्दा बढी टिम सहभागी गराउन सकिनेछ। २ वा सोभन्दा बढी वडाबाट ४ वटाभन्दा बढी टिम सहभागिताका लागि आएमा त्यसरी छनोट हुने टिम गोला प्रथाको माध्यमबाट गरिनेछ।
- प्रत्येक वडाबाट सहभागी हुने ४ वटै टिमले वडाको सिफारिस सहित मिति २०७९ साल फागुन २६ गते शुक्रबारका दिन बेलुकी ३.०० बजेभित्र गाउँपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा आफ्नो/आफ्नो टिमको नाम दर्ता गरी सक्नु पर्नेछ।
- वडाको टिमबाट सहभागी हुने विद्यार्थी सोही वडाको स्थायी बासिन्दा हुनु पर्नेछ। (पुष्ट्याँई हुने प्रमाणित कागजात पेश गर्नु पर्नेछ)
- टिम दर्ता र सिफारिसमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन।
- हाजिरी जवाफ प्रतियोगिता मिति २०७९ साल फागुन २७ गते शनिबार (गाउँपालिका स्थापना दिवस) विहान ८.०० बजेदेखि श्री जनता आधारभूत विद्यालय, कानेपोखरी ४, बयरवनको प्राङ्गणमा सञ्चालन हुनेछ।

**ग. हाजिरी जवाफ प्रतियोगितामा सोधिने विषयवस्तुहरुः**

- नेपालको संविधानमा व्यवस्था भएको स्थानीय तहसँग सम्वन्धित व्यवस्था,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम र वजेट,
- कानेपोखरी गाउँपालिकासँग सम्वन्धित राजनैतिक, भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक क्षेत्र, आदि।

**घ. प्रतियोगितामा विजयी हुने टिमलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने सम्बन्धी व्यवस्थाः**

- प्रथम, द्वितीय, तृतीय र सान्तवना पुरस्कार स्वरुप प्रत्येक टिमलाई देहाय बमोजिमको रकम र प्रमाण-पत्रले पुरस्कृत गरिनेछः

  प्रथम पुरस्कार वापत् नगद रु. ६० हजार, द्वितीय पुरस्कार वापत् नगद रु. ४५ हजार, तृतीय पुरस्कार वापत् नगद रु. ३० हजार ,र सान्तवना पुरस्कार वापत् नगद रु. १५ हजारले पुरस्कृत गरिनेछ।





राजमती इङ्गनाम
अध्यक्ष

- गाउँपालिकाको आन्तरिक राजस्वको दायरा अभिवृद्धि गर्न गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार/व्यवसायको तथ्यांक स्थलगतरुपमा संकलन गर्दै कानेपोखरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची ५ मा व्यवस्था भए बमोजिम व्यापार/व्यवसाय करको दायरा अभिवृद्धि गर्दै कर संकलन गर्न प्रतियोगितामा विजयी टिमलाई पहिलो प्राथमिकतामा राखी परिचालित गरिने र उक्त ऐनको दफा १६ ले दिएको अधिकार प्रयोग गरी उक्त टिमलाई संकलित राजस्व रकमको पन्ध्र प्रतिशतसम्म प्रोत्साहनस्वरुप उपलब्ध गराइनेछ।

ङ. <u>अन्य व्यवस्थाः</u> हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा श्री महालेखापरीक्षकको कार्यालयबाट कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अन्तिम लेखापरीक्षण भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको वेरुजु दफा ६८ (जग्गा खरिद) उपर यस बैठकमा छलफल भयो। गाउँपालिकाले आर्थिक वर्ष २०७७।०७८ मा ५ नं. वडामा खरिद गरेको एक विगाहा (२० कठ्ठा) जग्गामा जग्गाधनी (श्री इन्द्रकुमार गिरी र श्री सीताराम गिरी) ले प्रस्ताव गरेको प्रति कठ्ठा रु. ९,००,०००।०० (अक्षरेपी नौ लाख मात्र) भन्दा वढी प्रति कठ्ठा रु. १०,२५,०००।०० (अक्षरेपी दश लाख पच्चीस हजार मात्र) का दरले (मुआब्जा निर्धारण समितिले निर्धारण गरेको मूल्य) गाउँपालिकाबाट जग्गाधनीलाई भुक्तान भएकोमा गाउँपालिकालाई प्रति कठ्ठा रु. १,२५,०००।०० (एक लाख पच्चीस हजार) का दरले एक विगाहा (२० कठ्ठा) जग्गाको रु. २५,००,०००।०० (अक्षरेपी पच्चीस लाख) थप व्ययभार परेकोमा जग्गाधनीद्वयले कबोल गरेको भन्दा वढी भुक्तानी भएको रकम रु. २५,००,०००।०० (अक्षरेपी पच्चीस लाख) का सम्बन्धमा विस्तृत विवरण वुझ्न जग्गाधनीद्वय श्री इन्द्रकुमार गिरी र श्री सीताराम गिरीलाई सात दिनभित्र गाउँपालिकामा उपस्थित हुन पत्राचार गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनबाट पारित नीति तथा कार्यक्रमको वुँदा नम्बर (६८) ले निर्देश गरे बमोजिम उक्त सभाद्वारा पारित ड्रेन सहितको सडक स्तरोन्नती आयोजनाका लागि स्वीकृत गरेको सडकहरुको गाउँपालिकामा कार्यरत जनशक्ति तथा परामर्श सेवामा वाह्य. जनशक्ति समेतको बन्दोबस्त गरी ३५ किलोमिटर सडकको विस्तृत परियोजना प्रस्ताव/**Detailed Engineering Report** तयार गरिएको विषय यस बैठकमा जानकारी भयो। सो सम्बन्धमा पुर्ववत कार्यपालिकाको निर्णयले उक्त कार्यमा खटिने जनशक्तिलाई प्रोत्साहन उपलब्ध गराउने भनी निर्णय गरिएको र सो बमोजिम सम्पूर्ण जनशक्ति उल्लिखित कार्यमा परिचालन भएकोमा सोको विवरण र उक्त



राजमती ...
अध्यक्ष

कार्यको सडक विभागबाट स्वीकृत नर्म्स अनुसार तयार हुन आएको लागत अनुमान (तेस्रो पक्षबाट गरिएको खण्डमा) प्रति किलोमिटर रु. ९३,०२४।७७ लागत लाग्ने भनी पूर्वाधार विकास शाखाबाट विवरण पेश हुन आएकोमा सो कार्यका लागि प्रति किलोमिटर रु. ३६,९२६।१९ का दरले उक्त कार्यमा खटिने जनशक्तिलाई प्रोत्साहन तथा करार शुल्क वापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उक्त कार्य (पुँजीगत)मा लाग्ने खर्च "ड्रेन सहितको सडक स्तरोन्नती आयोजना" बाटै लेख्ने व्यवस्था समेत मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

राजमती इङ्नाम
अध्यक्ष